apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः ३१० ● पृष्ठः ४ ● ०८ मंसिर २०८३ मंगलबार (24 November 2026. Tuesday) मधेश प्र



सिरहा सदरमुकामको मुख्य सडकमा दुर्घटनाको जोखिम, सम्बन्धित निकाय बेखबर

सडकको बीचमै एक महिनादेखि ढुङ्गा र इँटा, आवागमन जोखिमपूर्ण



शुभ नारायण कामती
सिरहा, मंसिर ०७ गते

सिरहा सदरमुकामको मुख्य सडकमा ठूलूला ढुङ्गा र इँटा जथाभावी छरिएका कारण सवारी आवागमनमा अवरोध हुनुका साथै दुर्घटनाको जोखिम बढेको छ। एक महिनाभन्दा बढी समयदेखि सडकको बीच भागमै ढुङ्गा र इँटा रहँदा पनि सम्बन्धित निकायले हटाउन चासो नदेखाएको भन्दै स्थानीयले असन्तुष्टि जनाएका छन्।

सडकमा छरिएका ढुङ्गा र इँटाका कारण सवारीसाधन ठोक्किने, चालकले अचानक दिशा परिवर्तन गर्नुपर्ने तथा पैदलयात्रीसमेत दुर्घटनामा पर्ने जोखिम छ। विशेषगरी रातिको समयमा सडकमा रहेका अवरोध स्पष्ट नदेखिँदा दुर्घटनाको सम्भावना थप बढेको स्थानीयको भनाइ छ।

उक्त सडक स्तरोन्नतिको काम संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, दमकअन्तर्गत सडक विभागको सडक डिभिजन कार्यालय, लहानमार्फत भइरहेको छ। माडर-चोहर्वा, गोलबजार-सिरहा-सङ्गुरे-उदयपुर, मिचैया-कटारी-घुर्मी तथा हिलेपानी-ओखलढुङ्गा-सल्लेरी सडकलाई चार लेन (एनएच+२०) मा स्तरोन्नति गर्ने योजनाअन्तर्गत अस्फाल्ट कङ्क्रिट र कर्ब स्टोन निर्माणको काम भइरहेको हो।

उक्त निर्माण कार्यको ठेक्का एम/एस भगत-बाबा जे.भी., बानेश्वर-१०, काठमाडौंले ७ करोड ५८ लाख ८५ हजार ९ सय ४६ रुपैयाँ ३१ पैसा (भ्याट तथा पीएससहित) मा लिएको छ। २०८३ वैशाख १७ गते सम्झौता भएको उक्त काम सुरु सम्झौताअनुसार २०८३ असार ३० गतेभित्र सम्पन्न गर्नुपर्ने थियो। तर, निर्धारित समयभित्र काम सम्पन्न हुन नसकेपछि म्याद थप गरिएको सडक डिभिजन कार्यालय लहानले जनाएको छ।

निर्माण कार्यका क्रममा सडकको बीच भागमा ढुङ्गा र इँटा छरिएर छाडिनु तथा त्यसको उचित व्यवस्थापन नहुनुले सर्वसाधारणलाई जोखिमपूर्ण यात्रा गर्न बाध्य बनाएको छ। निर्माणस्थलमा आवश्यक सुरक्षा संकेत, चेतावनी चिह्न तथा सुरक्षित आवागमनको व्यवस्था हुनुपर्ने भए पनि त्यसको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन।

सडकमा देखिएको जोखिम हटाउन सिरहा नगरपालिका, सडक डिभिजन कार्यालय लहान, जिल्ला प्रशासन कार्यालय र ट्राफिक प्रहरीले प्रभावकारी समन्वय नगरेको भन्दै स्थानीयले प्रश्न उठाएका छन्। निर्माण व्यवसायीले निर्माणस्थल व्यवस्थित नगर्दा नागरिकको सुरक्षाभन्दा निर्माण कार्यलाई मात्र प्राथमिकता दिइएको उनीहरूको गुनासो छ।

स्थानीय समाजसेवी शम्भु साहले सडकमा रहेका ढुङ्गा र इँटाका कारण

बाँकी पृष्ठ २ ▸▸

दिल्लीमा नेपाली बोले बालेन, भ्रमणबाट नेपालले के पायो ?

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०७ गते

दिल्लीमा आयोजित संयुक्त पत्रकार सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले हिन्दीमा बोले। प्रधानमन्त्री बालेन्द्र शाहले पनि नेपालीमा सम्बोधन गरे। दुवै देशका प्रधानमन्त्री एउटै मञ्चमा हुँदा आफ्नै भाषामा बोल्नु यो भ्रमणको ध्यान तान्ने एउटा दृश्य थियो। बालेनले नेपालमा प्रधानमन्त्री बनेपछि गार्ड अफ अनर नलिएको चर्चा चलिरहेका बेला दिल्लीमा भने उनलाई राष्ट्रपति भवनमा सैन्य टुकडीले त्यही सम्मान दियो। गार्ड अफ अनर भनेको विशेष व्यक्ति वा पाहुनालाई सैनिक सम्मानसहित गरिने औपचारिक स्वागत हो।

बालेन मोदीको निमन्त्रणामा दुई दिने राजकीय भ्रमणमा भारत गएका थिए। राजकीय भ्रमण भनेको दुई देशका सरकार प्रमुखबीच औपचारिक स्वागत, उच्चस्तरीय वार्ता र राष्ट्रप्रमुखसँग भेट हुने विशेष भ्रमण हो। बालेन प्रधानमन्त्री बनेपछि भारत गएको यो पहिलो द्विपक्षीय भ्रमण थियो। दिल्लीमा उनलाई भारतका राज्यमन्त्रीले स्वागत गरे। भोलिपल्ट राष्ट्रपति भवनमा मोदीको उपस्थितिमा औपचारिक स्वागत भयो।

मोदीले बालेनको प्रशंसा गर्दै संयुक्त राष्ट्रसंघमा गरेको सम्बोधनबाटै उनको दृष्टिकोणको झलक पाएको बताए। वार्तामा नेपालको भविष्य र भारत-नेपाल सम्बन्धबारे बालेनको स्पष्ट सोच र प्रतिबद्धता आफूले महसुस गरेको उनको भनाइ थियो। यस वर्ष नेपाली जनताले दिएको जनादेशलाई मोदीले नयाँ पुस्ताको आकांक्षासँग पनि जोडेका छन्। यसलाई मोदीले बालेनको नेतृत्वप्रति सार्वजनिक रूपमा दिएको राजनीतिक संकेतका रूपमा पनि बुझ्न सकिन्छ।

बालेनले पनि पशुपतिनाथ, जानकी र मच्छिन्द्रनाथको आशीर्वाद अनि नेपाली जनताको सद्भाव लिएर आएको भन्दै सम्बोधन सुरु

बाँकी पृष्ठ ३ ▸▸

अयोध्याबाट आउने रेलका यात्रुलाई जनकपुरधाममा स्वागतको तयारी



अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०७ गते

भारत भ्रमणमा रहेका प्रधानमन्त्री बालेन्द्र शाह र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा उद्घाटन गरेको अयोध्या-जनकपुर रेल सेवाबाट जनकपुरधाम आउने यात्रुलाई भव्य स्वागत गर्ने तयारी गरिएको छ।

मंगलबार बिहान ९:२५ बजे जनकपुरधाम आइपुग्ने रेलमा अयोध्याका साधुसन्त, पर्यटन व्यवसायी र केही सर्वसाधारण गरी ११ देखि १२ सय जना आउने बताइएको छ। उनीहरूलाई जनकपुरधाम रेल्वे स्टेसनमा मिथिलाको संस्कृति झल्किने झाँकी र सांस्कृतिक कार्यक्रमसहित स्वागत गरिनेछ।

रेल्वेका प्रबन्धक परिवेश पराजुलीका अनुसार यात्रुहरूलाई स्वागत गरेपछि नजिकका मन्दिरमा दर्शन गराउने र भोजनको व्यवस्था गरिनेछ। त्यसपछि सोही दिन दिउँसो उनीहरूलाई बिदाइ गरिने कार्यक्रम छ। स्वागत कार्यक्रममा संघीय तथा प्रदेश सरकारका मन्त्री, साधुसन्त र व्यवसायीको सहभागिता रहनेछ। बिहान ८:३० बजेदेखि दिउँसो १२ बजेसम्म स्वागत कार्यक्रम राखिएको पराजुलीले जानकारी दिए।

स्वागतका लागि जनकपुरधाम रेल्वे स्टेसन सफा गरेर सजाइएको छ। स्टेसनमा स्वागत मञ्च निर्माण गर्नुका साथै मिथिला चित्रकलाले सजाइएको छ। स्वागत कार्यक्रममा मिथिलाको संस्कृति झल्किने विभिन्न प्रस्तुति पनि राखिने तयारी छ।

यसै सातादेखि नियमित सञ्चालन गर्ने तयारी गरिएको रेल सेवाले जनकपुरधाम र अयोध्याबीचको धार्मिक, सांस्कृतिक तथा व्यापारिक सम्बन्ध थप बलियो बनाउने अपेक्षा गरिएको छ। घाटामा सञ्चालन हुँदै आएको जनकपुर रेल्वेको आम्दानी

बाँकी पृष्ठ ३ ▸▸

सिरहा नगरपालिकाद्वारा छात्रवृत्तिका लागि आवेदन आह्वान



अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०७ गते

सिरहा नगरपालिकाले जेहेन्दार, उत्पीडित, असहाय तथा आर्थिक रूपमा विपन्न परिवारका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन आवेदन आह्वान गरेको छ।

नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले सोमबार सूचना जारी गर्दै नगरपालिकाभित्र स्थायी बसोबास भएका तथा सामुदायिक र संस्थागत विद्यालय, क्याम्पस एवं अन्य शैक्षिक संस्थामा अध्ययनरत योग्य विद्यार्थीलाई छात्रवृत्तिका लागि आवेदन दिन आग्रह गरेको हो।

छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८३ अनुसार इच्छुक

बाँकी पृष्ठ ४ ▸▸

कमला नदीमा अनौठो मेला-कोही दैवी शक्ति त कोही भूतप्रेत भन्दै काम्दै



अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०७ गते

कार्तिक शुक्ल पूर्णिमाका अवसरमा सिरहा र धनुषा जिल्ला जोड्ने कमला नदीमा स्नान गर्ने श्रद्धालुको घुइँचो लागेको छ। नदीका विभिन्न घाटमा भक्तजनको भीडसँगै ढोल, पिपही, मृदङ्ग र झ्यालीको तालमा गाइने भगैत गीतले माहोल गुञ्जायमान बनेको छ।

कमला नदीमा लाग्ने यस मेलाको विशेष आकर्षण धामीझाँक्री तथा भगतियाहरूको जमघट हो। मेलामा कोही दैवी शक्ति शरीरमा प्रवेश गरेको भन्दै कामिरहेका छन् भने कोही भूतप्रेतको प्रभाव भन्दै विभिन्न गतिविधि गरिरहेका देखिन्छन्। हातमा आगोले भरिएको माटोको ढकना लिएर ठूलो स्वरमा सिंहनाद गर्दै नदीमा स्नान गर्ने महिला तथा पुरुषको दृश्य मेलाको विशिष्ट पहिचान बनेको छ।

स्थानीय भाषामा 'भूत मेला' भनिने यस जमघटलाई धामीझाँक्रीहरूले नयाँ धामीको सतवैद्य अर्थात् शपथ ग्रहण समारोहका रूपमा व्याख्या गर्छन्। उनीहरूका अनुसार मन्त्र सिकेका तथा दैवी शक्ति प्राप्त भएको विश्वास गरिएका नयाँ धामीलाई कार्तिक शुक्ल पूर्णिमाका दिन कमला नदीलाई गंगाको रूपमा मान्दै स्नान

बाँकी पृष्ठ ४ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

पवित्र कमला स्नान र मिथिलाको सांस्कृतिक आस्था

मिथिलाको धार्मिक, सांस्कृतिक र सामाजिक जीवनमा पवित्र कमला नदीको विशिष्ट स्थान छ । यहाँका लागि पवित्र कमला नदी जलस्रोत वा प्राकृतिक सम्पदा मात्र होइन, आस्था, विश्वास, परम्परा र सभ्यताको जीवन्त प्रतीक पनि हो । प्रत्येक वर्ष कार्तिक पूर्णिमाका दिन कमला नदीका विभिन्न घाटमा लाग्ने स्नान मेला लाग्ने गर्छ । यो आस्था र परम्पराको अनुपम उदाहरण हो । सिरहा र धनुषा जिल्लाको सीमाका रूपमा रहेको पवित्र कमला नदीमा कार्तिक स्नान गर्न नेपालका विभिन्न जिल्ला तथा छिमेकी भारतबाट समेत लाखौं श्रद्धालु पुग्ने गर्छन् । पुस्तौंदेखि चलिआएको यो परम्पराले मिथिलाको धार्मिक तथा सांस्कृतिक पहिचानलाई जीवन्त राखेको छ । कार्तिक पूर्णिमाका दिन कमला नदीमा स्नान गर्नुलाई विशेष पुण्य प्राप्तिको अवसरका रूपमा लिने गरिन्छ । बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म मध्य रातमै नदीका विभिन्न घाटमा पुगेर पवित्र जलमा डुबुल्की मार्छन् । धार्मिक विश्वासअनुसार यस दिन कमलामा स्नान गर्दा पापबाट मुक्ति मिल्ने, मनोकामना पूरा हुने र आत्मिक शुद्धि प्राप्त हुने मान्यता छ । यही विश्वासले कमला स्नानलाई सामान्य धार्मिक कर्मकाण्डभन्दा माथि उठाएर सामूहिक आस्था र सांस्कृतिक उत्सवको स्वरूप दिएको छ ।

पवित्र कमला स्नानसँग जोडिएको अर्को विशिष्ट पक्ष भनेको भूतमेला पनि हो । मिथिला क्षेत्रमा यस मेलालाई धामी, झाँक्री, ओझा तथा विभिन्न परम्परागत धार्मिक अभ्याससँग जोडेर हेर्ने गरिन्छ । धामीझाँक्रीहरू आफ्नो शक्ति परीक्षण गर्ने, झारफुक गर्ने र अदृश्य शक्तिसँग सम्बन्धित विश्वासलाई अभिव्यक्त गर्ने अवसरका रूपमा यस मेलामा सहभागी हुने गर्छन् । स्थानीय जनविश्वास, तान्त्रिक परम्परा र लोकसंस्कृतिको संगमका रूपमा भूतमेलाले विशिष्ट पहिचान बनाएको छ । यसलाई अन्धविश्वासको संज्ञा दिएर पन्छाउनु वा यसको नाममा हुने सबै गतिविधिलाई आँखा चिम्लेर स्वीकार गर्नु दुवै उचित हुँदैन् । धार्मिक तथा सांस्कृतिक आस्थाको सम्मान गर्दै समाजलाई वैज्ञानिक चेतना, विवेक र मानवीय मूल्यतर्फ अभिप्रेरित गर्नु आजको आवश्यकता हो । वास्तवमा पवित्र कमला स्नान र भूतमेला मिथिलाको लोकजीवन बुझ्ने महत्वपूर्ण आधार हुन् । यसले यहाँको धार्मिक विश्वास, सामाजिक सम्बन्ध, लोकपरम्परा, सांस्कृतिक विविधता र सामूहिक सहभागितालाई एकै ठाउँमा जोडेको छ । महाकुम्भजस्ता विशाल धार्मिक आयोजनाको आफ्नै महत्व भएझैं कमला स्नानको पनि मिथिलावासीका लागि छुट्टै धार्मिक तथा सांस्कृतिक महत्व छ । यसको विशिष्टता कुनै संख्यात्मक तुलना वा भव्यतामा मात्र होइन, स्थानीय जनताको पुस्तौंदेखिको आत्मीय सम्बन्ध र अटुट विश्वासमा निहित छ । तर यति ठूलो धार्मिक तथा सांस्कृतिक महत्व बोकेको कमला स्नान मेलाको व्यवस्थापनमा सम्बन्धित निकायको पर्याप्त ध्यान पुग्न आवश्यक छ । लाखौं श्रद्धालुको सहभागिता हुने मेलामा स्वच्छ खानेपानी, शौचालय, स्वास्थ्य सेवा, प्राथमिक उपचार, उद्धार टोली, सुरक्षा व्यवस्था र व्यवस्थित यातायातको प्रबन्ध अनिवार्य हुनुपर्छ । नदीमा पानीको बहाव, गहिराइ र सम्भावित जोखिमबारे श्रद्धालुलाई सचेत गराउनुपर्छ । विशेषगरी बालबालिका, महिला तथा ज्येष्ठ नागरिकको सुरक्षालाई प्राथमिकतामा राखिनुपर्छ । नदीमा हुने फोहोर तथा प्लास्टिकजन्य प्रदूषण नियन्त्रणका लागि स्थानीय तह, प्रशासन, धार्मिक संघसंस्था र स्वयंसेवकले संयुक्त अभियान सञ्चालन गर्नुपर्छ ।

पवित्र कमला नदीको संरक्षण पनि उत्तिकै महत्वपूर्ण विषय हो । नदीको धार्मिक महिमा गाउने तर त्यही नदीलाई प्रदूषित गर्ने प्रवृत्तिले हाम्रो आस्थामाथि नै प्रश्न उठाउँछ । नदीलाई पवित्र मान्नुको अर्थ यसको जल, जैविक विविधता र प्राकृतिक प्रवाहको संरक्षण गर्नु पनि हो । नदी अतिक्रमण, प्रदूषण, अनियन्त्रित दोहन र जलप्रवाहमा देखिने अवरोध रोक्न दीर्घकालीन योजना आवश्यक छ । कमला नदी स्वच्छ, सुरक्षित र संरक्षित रहन सके मात्र यसको धार्मिक तथा सांस्कृतिक महत्व आगामी पुस्तासम्म हस्तान्तरण गर्न सकिन्छ । यसका साथै कमला स्नान र भूतमेलालाई मिथिलाको सांस्कृतिक पर्यटनसँग जोड्न सकिने सम्भावना पनि उत्तिकै छ । स्थानीय कला, लोकगीत, लोकनृत्य, परम्परागत ज्ञान, मिथिलाको खानपान र सांस्कृतिक पहिचानको प्रवर्द्धनमार्फत यस मेलालाई व्यवस्थित सांस्कृतिक उत्सवका रूपमा विकास गर्न सकिन्छ । यसबाट स्थानीय व्यापार, रोजगारी र पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्न सक्छ । तर यस्तो प्रवर्द्धन गर्दा मेलाको मौलिकता, धार्मिक गरिमा र परम्परागत पहिचानलाई कमजोर पार्नु हुँदैन् । त्यसैले पवित्र कमला स्नान एक दिनको धार्मिक अनुष्ठान मात्र होइन । यो मिथिलाको सामूहिक चेतना, सांस्कृतिक निरन्तरता र ऐतिहासिक विरासतको प्रतीक हो । भूतमेलाले यहाँको लोकविश्वास र परम्परागत अभ्यासलाई उजागर गर्छ भने पवित्र कमला स्नानले धार्मिक आस्था र सामाजिक एकतालाई बलियो बनाउँछ । परम्पराको संरक्षण गर्नु भनेको त्यसका सकारात्मक पक्षलाई जीवन्त राख्नु र समयअनुसार आवश्यक सुधार गर्दै जानु पनि हो । त्यसैले कमला स्नानको धार्मिक गरिमा, भूतमेलाको सांस्कृतिक विशिष्टता र कमला नदीको प्राकृतिक अस्तित्वको संरक्षणलाई साझा जिम्मेवारीका रूपमा लिनुपर्छ । आस्थालाई सम्मान, परम्परालाई संरक्षण, अन्धविश्वासलाई विवेकपूर्ण ढंगले निरुत्साहित र नदीलाई स्वच्छ राख्न सके मात्र पवित्र कमला स्नानको वास्तविक महिमा कायम रहन सक्छ । यही नै मिथिलाको धार्मिक तथा सांस्कृतिक पहिचानप्रतिको सच्चा सम्मान हुनेछ । यसमै सबैलाई समन्वय र सहकार्य गरी विशेष बनाउनु पर्छ ।

स्थानीय र प्रदेश चुनाव एकै पटक कि फरक-फरक मितिमा ?



गगन थापा कांग्रेसका सभापति | **जगदिश खरेल** रास्वपाका प्रवक्ता | **गुरु बराल** एमाले उपाध्यक्ष | **प्रकाश ज्वाला** नेकपा नेता | **ज्ञानेन्द्र शाही** राप्रपाका संसदीय दलका नेता

सत्तारुढ रास्वपा प्रदेश र स्थानीय तहको चुनाव एकैसाथ गर्ने पक्षमा उभिएको छ । दुई विपक्षी वाम दल एमाले र नेकपाले संवैधानिक व्यवस्था अनुसार यी दुई चुनाव फरक फरक मितिमा हुनुपर्ने अडान लिँदै गर्दा प्रमुख प्रतिपक्षी कांग्रेस चाहिँ रास्वपाको धारणासँग नजिक देखिएको छ ।

राप्रपा सत्तारुढ दल रास्वपाकै लाइनमा उभिएको छ भने श्रम संस्कृति पार्टी अझै छलफलमै छ ।

जेठ पहिलो साता स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल सकिँदैछ भने प्रदेश सभा सदस्यको पदावधि आगामी मंसिरमा पहिलो साता सकिने छ । स्थानीय तह निर्वाचन ऐन २०७३ अनुसार, दुई महिनाअघि निर्वाचन गर्नुपर्ने कानूनी व्यवस्था छ ।

उक्त कानूनको पालना गर्दा चैतको पहिलो सातासम्म स्थानीय तहको चुनाव हुनुपर्दछ । स्थानीय र प्रदेश सभा सदस्यको चुनाव गर्ने हो भने ३० फागुनमा स्थानीय तहको निर्वाचन हुनुपर्छ । दुई तहका जनप्रतिनिधिको कार्यकाल सकिने अन्तराल कम्तिमा पनि छ महिना छ ।

स्थानीय र प्रदेशको चुनाव सँगसँगै गर्नुपर्ने र एक साथ गर्न नहुनेमा दलहरुका आ-आफ्ना तर्क छन् । सत्ता पक्षले चुनावी खर्च, निरन्तर चुनाव हुँदा सरकारको काम कारबाहीमा पार्ने असर लगायतले एकैपटक चुनाव हुनुपर्ने तर्क राखेको छ । २०८४ सालमा स्थानीय र प्रदेशको चुनावका अतिरिक्त राष्ट्रिय सभा, राष्ट्रपति, उपराष्ट्रपति लगायतका पदमा चुनाव गर्नुपर्ने हुन्छ ।

रास्वपाका प्रवक्ता जगदिश खरेल स्थानीय र प्रदेशको चुनाव एकैपटक गर्नुपर्ने तर्क अघि सार्दै भन्छन्,'चैतमा स्थानीय, मंसिरमा प्रदेश सभा सदस्यका लागि, माघतिर राष्ट्रिय सभा सदस्य, त्यसपछि राष्ट्रपति, उपराष्ट्रपतिको चुनाव हुँदा हाम्रो ध्यान वर्षैभरि चुनावमा जाने भयो ।'

लगातार चुनाव हुँदा त्यसले सरकारको विकास खर्चमा पर्ने प्रभावको समेत विश्लेषण गरिएको छ । फरक फरक समय चुनाव गर्दा आचार संहिताका कारणले सरकारले गर्नुपर्ने निर्णयहरु समेत थाती रहने हुँदा एकैपटक चुनाव गर्नुपर्ने दृष्टिकोण सत्तापक्षको छ ।

सामान्यतया: मतदान भन्दा ४५ दिनअघि आचारसंहिता लगाउने प्रचलन छ । फरक फरक समयमा चुनाव हुँदा तीन महिना (४५-४५ दिन गरी) संघीय सरकारले निर्णयहरु नगरी बस्नुपर्ने हुन्छ ।

'चुनाव लागेको एक डेढ महिना अगाडि त ठूला ठूला खर्च गर्न पाइँदैन । बजेटहरुको विनियोजनमा कयौं कुराहरुमा समस्या पर्छ । मंसिरमा चुनाव हुने भए असोजदेखि निर्णय लिन मिलेन,' रास्वपा प्रवक्ता खरेल भन्छन्,'उसै हामीले विकास खर्च गर्न सकिरहेका छैनौं । वर्षैभरि चुनाव भयो भने विकास खर्च कसरी गर्ने ? संविधानको मर्म नमेटिने गरी र राष्ट्रिय सहमति जुट्यो भने एकैपटक निर्वाचन गर्न सकिने विकल्प छ ।'

एकैपटक चुनाव गर्दा खर्चमा उल्लेखनीय कमी हुने सत्ता पक्षको बुझाई छ । २०७९ बैशाख ३० गते भएको स्थानीय तहको चुनावमा ११ अर्ब बढी खर्च भएको थियो । त्यही वर्ष प्रतिनिधि र प्रदेश सभा सदस्यको चुनाव एकसाथ हुँदा १६ अर्ब बढी खर्च भएको थियो । स्थानीय र प्रदेशको चुनावसँगै गर्दा सरकारी खर्च घट्ने सरकारी पक्षको भनाई छ ।

चुनावी खर्चकै कारणले एकैपटक चुनाव गर्नुपर्ने सत्ता पक्षको तर्कमा विपक्ष दल नेकपा भने सहमत देखिँदैन । चुनावी खर्चको कारण देखाएर संविधान विपरित कार्य गर्न नहुने नेकपा नेता प्रकाश ज्वाला बताउँछन् ।

कुनै प्रदेशमा पाँच वर्ष सरकार चल्ने अवस्था नरहे र मध्यावधिमा गयो भने फरक समयमा चुनाव गर्नैपर्ने बाध्यता सुनाउँदै ज्वाला भन्छन्, 'प्रतिनिधि सभा बीचमा भंग भएर अहिले यो अवस्था आयो । कुनै प्रदेश सभा कुनै कारणले बीचमा विघटन भयो भने त्यो प्रदेश सभाको लागि फरक समयमा चुनाव गर्नैपर्छ त ।'

सरकारले एकैपटक गर्न चाहेपनि कानुनी जटिलता छ । त्यसका लागि सरकारी पक्षले विपक्ष दलसँग संवादको प्रक्रिया अघि बढाएको छैन ।

स्थानीय र प्रदेशको चुनाव एक साथ गर्ने/नगर्नेमा सरकारले पहिले आफ्नो धारणा स्पष्ट गर्नुपर्ने प्रमुख प्रतिपक्ष दल कांग्रेसका सभापति सभापति गगन थापा बताउँछन् ।

'यसरी सोच्न सकिन्छ कि भनेर सबैभन्दा पहिला त सरकारले भन्नु पऱ्यो । त्यसपछि हामी दलहरुका बीचमा पनि छलफल होला । राजनीतिक दलहरुको आफ्नो भित्र छलफल होला । दलहरुका बीचमा छलफल होला,' सभापति थापा भन्छन् ।

फरक फरक समयमा चुनाव हुँदा त्यसले सबै तहका सरकारको प्रभावकारितामा असर गर्ने थापा बताउँछन् । कांग्रेस सभापति थापा भन्छन्,'चुनाव भएपछि आचार संहिताले तिन तहका सरकार नै बाँधिन्छन् । यसले सबैभन्दा बढी प्रभाव केन्द्रीय सरकारलाई गर्छ ।'

एक साथ चुनाव गराउने हो भने संविधान र कानुनमा रहेका कठिनाई हटाउन अन्य दलसँग संवाद गर्ने मूल दायित्व सरकारको भएको थापाले बताए ।

अर्को विपक्ष दल एमाले संवैधानिक व्यवस्था अनुसार फरक फरक समयमा निर्वाचन हुनुपर्नेमा अडिग देखिन्छ । स्थानीय तहको चुनाव पर सार्नु वा प्रदेशको अघि सारेर गर्न अवस्था नरहेको एमाले उपाध्यक्ष गुरु बराल बताउँछन् ।

'आफ्नो आफ्नो मिति पुगेपछि अलग-अलग समयमा चुनाव गर्नुपर्दछ गर्नुपर्छ,' बरालले भने,'राष्ट्रिय सहमति वा संविधान संशोधन गरेर एकैपटक गर्न सकिने यो कुरा होइन ।'

एमालेकै धारणासँग अर्को विपक्ष दल नेकपाको पनि दृष्टिकोण छ । दुबै तहका जनप्रतिनिधिले पाँच-पाँच वर्ष पुरा गरेपछि निर्वाचन अलग अलग समयमा हुनुपर्ने नेकपा नेता प्रकाश ज्वाला बताउँछन् । संविधान र कानुन भन्दा फरक ढंगले कार्य गरे चुनाव नहुने सम्भावना नेकपा नेता ज्वाला देख्छन् ।

नेकपा नेता ज्वालाले भने,'बैशाखमा स्थानीय तह र मंसिरमा प्रदेश सभा सदस्यको चुनाव गराउनु पर्दछ । प्रदेशको कार्यकाल घटाउने र स्थानीय तहको कार्यकाल बढाउन संविधान र कानुनले दिँदैन ।'

प्रतिनिधि सभाको अर्को दल राप्रपा स्थानीय र प्रदेश चुनाव एकैपटक गर्नुपर्ने मान्यतामा छ । राप्रपाका संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले फरक समयमा चुनाव हुँदा खर्च बढ्ने हुँदा एकैपटक गर्नुपर्ने तर्क राख्छन् ।

'दुईपटक चुनाव हुँदा अनावश्यक खर्च बढ्छ । त्यत्रो खर्च धान्न सकिन्न,' शाहीले भने,'कानुनी जटिलता भए अध्यादेशबाट दुई तिहाइको सरकारले अप्ठ्यारो हटाए भो त ।'

श्रम संस्कृति पार्टीले स्थानीय र प्रदेशको चुनाव फरक फरक समय वा एकैपटक गर्ने विषयमा आफ्नो धारणा बनाइकेको छैन । उक्त पार्टीका महासचिव आरेन राईले पार्टीभित्र र अन्य दलहरुसँग पनि छलफल गरेर दृष्टिकोण बनाउने जानकारी गराए ।

सिरहा सदरमुकामको मुख्य सडकमा .....

कुनै पनि बेला दुर्घटना हुन सक्ने भन्दै सम्भावित मानवीय क्षतिको जिम्मेवारी कसले लिने भन्ने प्रश्न गरेका छन् । उनले सदरमुकामको मुख्य सडकमा रहेका यस्ता जोखिम तत्काल हटाउन र सम्झौताअनुसारको निर्माण कार्य छिटो सम्पन्न गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

सडक निर्माण तथा स्तरोन्नति नागरिकलाई सहज र सुरक्षित आवागमनको सुविधा दिनका लागि हो, जोखिम बढाउन होइन । सम्भावित दुर्घटनाबाट मानवीय क्षति हुनुअघि नै निर्माणस्थल व्यवस्थित गरी सडकमा रहेका ढुङ्गा तथा इँटा हटाउन र सुरक्षित आवागमनको व्यवस्था मिलाउन सम्बन्धित निकायले तत्काल पहल गर्न आवश्यक देखिन्छ । सार्वजनिक सडकमा निर्माण कार्य गर्दा नागरिकको सुरक्षालाई प्राथमिकतामा राख्नु निर्माण व्यवसायी र सम्बन्धित निकायको अनिवार्य जिम्मेवारी हो ।

सडक डिभिजन कार्यालय लहानका साइड इन्जिनियर र निर्माण व्यवसायीसँग प्रतिक्रिया लिन फोन सम्पर्क गर्न खोज्दा फोन सम्पर्क हुन सकेन ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नैपाल

आजको राशिफल

मेष : परिवारको साथ र सहयोग मिल्ने छ । शिक्षामा थप मिहिनेत गर्नुपर्ने देखिन्छ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

बृष : कार्यक्षेत्रमा थोरै बोल्नु राम्रो हुनेछ । परिवारको सुझाव अनुसार अगाडि बढेमा व्यापारमा फाइदा हुनेछ ।

मिथुन : दिन सहज छ । साथीभाइले सहयोग गर्नेछन् । प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ ।

कर्कट : स्वास्थ्यले साथ दिनेछ । नयाँ काम गर्न शरीरमा ऊर्जा थपिने छ । शिक्षाको क्षेत्रमा झुकाव रहने छ ।

सिंह : स्वास्थ्यमा भन्दा शिक्षा क्षेत्रको लगानीबाट उन्नति हुनेछ । परिवारको विश्वास गर्नाले धोका हुने जोखिम रहेको छ ।

कन्या : व्यवहार गर्न नजानेमा सञ्चित धन खर्च हुनेछ । ठुला योजनाको सुरुवात नगर्नु उचित छ । दाजुभाइ र बन्धुले साथ दिनेछन् ।

तुला : दिन राम्रो छ । कानुनको पर्खाइमा भए तपाईंको पक्षमा फैसला हुनेछ ।

वृश्चिक : दिन राम्रो छ । मन प्रशान्त हुनेछ । धन जम्मा गर्नेक्रममा इज्जतको ख्याल गर्नु राम्रो हुनेछ ।

धनु : तपाईंको गला र कलाको प्रशंसा हुनेछ । साथीभाइको साथमा सुरुवात गरेको काम सफल बन्नेछ ।

मकर : तपाईंका लागि दिन सामान्य छ । धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गरेमा सोचेको काम बन्नेछ ।

कुम्भ : सानो कुराले झन्झट आइपर्न सक्छ । हरेक काममा जोखिम बढ्ने छ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

मीन : साना कुराले मनमा खुसी मिल्ने छ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ । साथीसँगको भेटले मन शान्त बन्ने छ ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

दिल्लीमा नेपाली बोले बालेन, भ्रमणबाट नेपालले के .....

गरेका थिए । उनले नेपाल-भारत सम्बन्धलाई हिमालजत्तिकै अटल र महासागरजत्तिकै विशाल भने । यो पुरानो मित्रतालाई अब नयाँ पुस्तालाई अवसर दिनुपर्छ भन्ने उनको स्पष्ट सन्देश थियो ।

त्यसका लागि के गर्न सकिन्छ भन्ने उदाहरण पनि बालेनले दिए । उनले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न निम्तो दिए । नेपाल र भारतका सहरबीच सीधा उडान थपेर आउजाउ सहज बनाउनुपर्ने बताए । दुई देशले गर्ने सहमति र सुरु गर्ने आयोजनाको फाइदा किसान, विद्यार्थी, युवा र उद्यमीले आफ्नै जीवनमा महसुस गर्न पाउनुपर्छ भन्नेमा उनको जोड थियो । अन्त्यमा उनले मोदीलाई नेपाल भ्रमणको निम्तो दिए र भारतीय नागरिकलाई पनि जनकपुर, मुक्तिनाथ र लुम्बिनीजस्ता ठाउँ घुम्न बोलाए ।

अनि वार्ताअघि दुवै प्रधानमन्त्रीले एकअर्कालाई उपहार पनि दिए । मोदीले बालेनलाई त्रिवेणीको गंगाजल राखिएको कलश दिए । बालेनले मोदीलाई पशुपतिनाथको चन्दन, रुद्राक्ष र शालिग्राम राखिएको उपहार दिए । धार्मिक र सांस्कृतिक प्रतीक जोडिएका यी उपहारले वार्ताको औपचारिकतासँगै दुई देशको साझा सांस्कृतिक सम्बन्धलाई पनि अगाडि ल्याएको भन्न सकिन्छ ।

बालेनको भारत भ्रमण औपचारिकतामा पनि नेपालबाटै केही फरक देखियो । नेपालबाट निस्कँदा विमानस्थलमा परम्परागत बिदाइ समारोह भएन, उनीसँग श्रीमती सबिना काफ्ले पनि भ्रमण टोलीमा थिइनन् । यसअघिका प्रधानमन्त्रीहरू भारत जानुअघि प्रमुख प्रतिपक्षीसहित पूर्वप्रधानमन्त्री र कूटनीतिज्ञहरूबाट सुझाव सल्लाह लिन्थे । राष्ट्रपतिलाई भेटेर भ्रमण र एजेण्डाबारे जानकारी गराउँथे । तर बालेनले विपक्षी दल र पूर्वप्रधानमन्त्रीहरूसँग परामर्श गरेनन् । यसमा उनको आलोचना पनि भयो । राष्ट्रपति रामचन्द्र पौडेललाई भ्रमणबारे जानकारी दिइएको थियो कि थिएन भन्ने प्रश्न पनि उठ्यो । तर भारत पुगेपछि बालेनले त्यहाँकी राष्ट्रपति द्रौपदी मुर्मूसँग भेट गरे र राष्ट्रपति भवनमा गार्ड अफ अनर लिए ।

भ्रमण छोटो भएकाले उनको कार्यक्रम दिल्लीमै सीमित रह्यो । भारतमा रहेका नेपाली समुदायसँग छुट्टै कार्यक्रममा उनी सहभागी भएनन् । यसअघिका प्रधानमन्त्रीहरूले यसका लागि एक दिन छुट्याउने गरेका थिए । बालेनसहित भारत जाने नेपाली टोलीमा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र परराष्ट्रमन्त्री शिशिर खनाल पनि थिए । प्रधानमन्त्री शाहले ३४ सदस्यीय औपचारिक प्रतिनिधिमण्डलको नेतृत्व गरेका थिए ।

प्रधानमन्त्री शाहको भारत भ्रमणमा नेपालका लागि के घोषणा भयो, दुई देशले केमा सहमति गरे र त्यसबाट नेपाली नागरिकलाई के फाइदा हुन्छ ? यसलाई सजिलोसँग बुझ्न सबैभन्दा पहिला बाढीपछिको पुनर्निर्माणबाट कुरा गर्नुपर्छ ।

गएको भदौमा भोटेकोसीले नेपालमा अप्रत्यासित क्षति गरेको थियो । क्षतिपछिको पुनर्निर्माणमा नेपाललाई भारतले पनि साथ दिएको छ । दिल्लीमा बालेनसँगको वार्तापछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भोटेकोसीको बाढीमा ज्यान गुमाएकाहरूप्रति दुःख व्यक्त गरे । त्यसपछि उनले बाढीले क्षति पुऱ्याएका ठाउँमा पुनर्निर्माण गर्न र नेपालको दीर्घकालीन विकासमा सघाउन २ खर्ब ४० अर्ब नेपाली रुपैयाँको सहयोग घोषणा गरे । यसलाई विकास सहकार्य प्याकेज भनिएको छ ।

भारतीय मुद्रामा यो करिब १५ हजार करोड रुपैयाँ हुन्छ । यो पैसा बाढीपीडित परिवारलाई सिधै बाँडिने नगद सहायता भने होइन । यो अनुदान, सहुलियत ऋण वा परियोजनागत सहयोगमध्ये कुन रूपमा खर्च हुन्छ भन्ने कुरा सरकारले पछि खुलाउला ।

नेपालले भ्रमणअघि भारतसँग अनुदान र ऋण मिलाएर दुई अर्ब अमेरिकी डलर मागेको थियो । भारतले घोषणा गरेको रकम करिब एक अर्ब ६२ करोड डलर हुन्छ । यो भनेको नेपालले मागेभन्दा ३८ करोड डलर कम हो । अब खुल्न बाँकी कुरा चाहिँ यसमध्ये कति रकम नेपालले अनुदानका रूपमा पाउने र कति ऋणका रूपमा पाउने भन्ने हो ।

अब भारत र नेपालबीच भएका ८ समझदारीलाई सजिलो तरिकाले बुझ्ने कोसिस गरौं । दुई देशले आठ बुँदे समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । समझदारीपत्रले सहकार्यको क्षेत्र तोक्ने हो । त्यसैले समझदारी पत्रमा सिग्नेचर हुँदैमा परियोजना तत्कालै सुरु भइहाल्ने वा पूरा हुनेचाहिँ हुँदैन ।

नम्बर १, फरेन्सिक अनुसन्धान । नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग र भारतको राष्ट्रिय फरेन्सिक विज्ञान विश्वविद्यालयले अनुसन्धान तथा शैक्षिक सहकार्य गर्ने समझदारी भएको छ । फरेन्सिक विज्ञान भनेको अपराधस्थलमा भेटिएका प्रमाण वैज्ञानिक तरिकाले जाँच्ने विधि हो ।

नम्बर २ प्रहरी तालिम । भारतको राष्ट्रिय रक्षा विश्वविद्यालय र नेपालको राष्ट्रिय प्रहरी प्रतिष्ठानबीच तालिम तथा संस्थागत सहकार्य हुनेछ ।

नम्बर ३, निजामती कर्मचारीको तालिम । भारतको सुशासनसम्बन्धी राष्ट्रिय केन्द्र र नेपालको प्रशासनिक कर्मचारी कलेजले नेपाली सरकारी कर्मचारीको क्षमता विकासमा सहकार्य गर्नेछन् ।

नम्बर ४, आयुर्वेद र परम्परागत चिकित्सा । दुवै देशले आयुर्वेदसहित परम्परागत चिकित्सा प्रणालीमा सहकार्य गर्नेछन् । यसले अनुसन्धान, तालिम र ज्ञान आदानप्रदानका लागि बाटो खोल्न सक्छ ।

नम्बर ५, उपग्रह सञ्चार । भारतको अन्तरिक्ष अनुसन्धान संस्था इसरो र नेपालको सञ्चार मन्त्रालयले दक्षिण एसिया भूउपग्रह उपयोग गर्न सञ्चार सञ्जाल स्थापना गर्ने समझदारी गरेका छन् ।

नम्बर ६, दिगो शहरी विकास । शहरको विकास र व्यवस्थापनमा प्राविधिक सहकार्य हुनेछ ।

नम्बर ७, स्वास्थ्य र औषधि । स्वास्थ्य सेवा तथा औषधिसम्बन्धी क्षेत्रमा सहकार्य हुनेछ ।

नम्बर ८, पशुपालन र मत्स्य विकास- पशुपालन तथा माछापालन विकासमा दुवै देशले सहकार्य गर्नेछन् ।

यी आठ समझदारीलाई एकसाथ हेर्दा पहिलो तीनवटामा एउटा कुरा समान छ । अपराधको प्रमाण जाँच्ने प्रहरी हुन् वा नागरिकलाई सेवा दिने कर्मचारी, उनीहरूको सीप बढाउने कुरामा दुवै देशले जोड दिएका छन् । बाँकी पाँचवटाले स्वास्थ्य र आयुर्वेद देखि माछापालन, सहर व्यवस्थापन र भूउपग्रहबाट हुने सञ्चारसम्म समेटछन् । यी समझदारीको असर पनि फरक-फरक ठाउँमा देखिनेछ । उदाहरणका लागि, फरेन्सिक सहकार्यबाट प्रहरीले पाएको ज्ञान मुद्दाको प्रमाण जाँच्न कत्तिको काम लाग्छ ? पशुपालनमा हुने सहकार्यबाट किसानसम्म के पुग्छ ? अहिले सहकार्य गर्ने विषय तय भएका छन् । त्यसबाट नागरिकले के पाउँछन् भन्नेचाहिँ अब बन्ने कार्यक्रमले देखाउनेछ ।

भ्रमणमा यी आठ समझदारीबाहेक दुई देशले अब कुन दिशामा मिलेर काम गर्ने भन्ने दस बुँदे साझा दृष्टिपत्र पनि आयो । भारतले आर्थिक प्याकेज घोषणा गऱ्यो । बन्दरगाह प्रयोग र विकास आयोजनाबारे पनि छुट्टै घोषणा भए । यही सिलसिलामा मोदीले नेपालमा आईआईटीको क्याम्पस स्थापना गर्ने घोषणा पनि गरेका छन् । कुन आईआईटीको क्याम्पस कहाँ खुल्छ र खर्च कसले बेहोर्छ भन्ने कुराचाहिँ उनले खुलाएनन् ।

आईआईटी भनेको इन्जिनियरिङ र प्रविधिको पढाइका लागि चिनिने भारतका शिक्षण संस्थाहरू हुन् । साझा दृष्टिपत्रमा नेपालमा भारतीय शिक्षण संस्थाका क्याम्पस खोल्न सकिन्छ कि भनेर अध्ययन गर्ने र त्यसको थालनी आईआईटीबाट गर्ने कुरा छ । त्यसैले अहिले भन्न मिल्ने कुरा यत्ति हो । नेपालमा आईआईटी क्याम्पस खोल्ने सम्भावना हेरिनेछ । कुन आईआईटीको क्याम्पस कहाँ खुल्छ र खर्च कसले बेहोर्छ भन्ने अझै टुंगिन बाँकि छ ।

पुराना आयोजना यसपटक कहाँ पुगे ?

विराटनगरसम्म रेल पुऱ्याउने योजनाको एउटा खण्ड तीन वर्षअघि नै सञ्चालनमा आएको थियो । २०७९ मा भारतको बथनाहाबाट विराटनगर भन्सारसम्म सामान बोक्ने रेल चल्न थालेको हो । बालेनको भ्रमणमा जोगबनी-विराटनगर रेलमार्गको बाँकी काम छिटो सक्ने कुरा भएको छ । यो खण्डमा यात्रु बोक्ने रेल कहिलेदेखि चल्छ भन्ने चाहिँ खुलेको छैन ।

इन्धन ढुवानीमा भने यसपल्ट एउटा पुरानो योजना शिलान्यासको चरणमा पुगेको छ । भारतको सिलिगुडीबाट झापाको चारआलीसम्म पाइपलाइन बिछ्याउने र चारआलीमा तेल भण्डारण गर्ने केन्द्र बनाउने सहमति पहिल्यै भएको थियो । सोमबार बालेन र मोदीले दिल्लीबाट यही आयोजनाको शिलान्यास गरेका छन् । पाइपलाइन बनेपछि पेट्रोल र डिजेलजस्ता इन्धन सिलिगुडीबाट सिधै नेपालको चारआली ल्याउन सकिनेछ । यो सकारात्मक कुरा हो ।

खाना पकाउने ग्यासका लागि भने नेपालको छुट्टै प्रस्ताव छ । भ्रमणअघि नेपाल आयल निगमले भारतको मोतिहारीबाट सर्लाहीसम्म ग्यास ल्याउने पाइपलाइन बनाउन भारतीय अनुदान मागेको थियो । सर्लाहीमा ग्यास भण्डारण गर्ने र सिलिन्डर भर्ने केन्द्र बनाउने योजना पनि त्यही प्रस्तावमा छ । तर भारतले यो आयोजना बनाउने वा त्यसका लागि अनुदान दिने घोषणा गरेन ।

जनकपुरबाट अयोध्या अब एउटै रेलमा

सोमबार बालेन र मोदीले दिल्लीबाट हरियो झन्डा देखाएपछि सरयु-कमला एक्सप्रेस अयोध्याबाट जनकपुरका लागि छुट्यो । भारतको जयनगरबाट जनकपुर हुँदै महोत्तरीको भंगहासम्म यात्रुवाहक रेल पहिलेदेखि नै चल्छ । यसपल्ट थपिएको सुविधा के हो भने अब जनकपुरबाट रेल नफेरी अयोध्या पुग्न सकिन्छ ।

नियमित सेवा आउँदो शनिबारदेखि सुरु गर्ने तालिका छ । रेल हरेक शनिबार जनकपुरबाट अयोध्याका लागि र हरेक सोमबार अयोध्याबाट जनकपुरका लागि छुट्ने बताइएको छ । ६०४ किलोमिटरको यो यात्रामा झन्डै १९ घण्टा लाग्छ । सन् २०१८ मा पनि यी दुई सहर जोड्न सीधा बस सेवा सुरु गरिएको थियो तर त्यसले निरन्तरता पाएन । यसपालि यात्रुका लागि महत्त्वपूर्ण कुरा रेल तोकिएको दिन भरपर्दो गरी चल्छ कि चल्दैन भन्ने हो । जयनगर-बिजलपुरा रेलमार्गलाई बर्दिबाससम्म पुऱ्याउने काम भने छुट्टै आयोजना हो ।

समुद्र हुँदै व्यापार गर्न थप दुई बाटा

नेपालले अरू देशबाट सामान ल्याउन र नेपाली सामान विदेश पठाउन भारतका थप दुई समुद्री बन्दरगाह प्रयोग गर्न मागेको थियो । नेपालले रोजेका बन्दरगाह थिए गुजरातको मुन्द्रा र ओडिशाको धामरा । मोदीले भने तिनै दुई राज्यका अरू दुई बन्दरगाह प्रयोग गर्न दिने घोषणा गरेका छन् । ती हुन् गुजरातको काण्डला, जसको आधिकारिक नाम दीनदयाल हो अनि ओडिशाको पारादीप । यो सुविधा लागू भएपछि नेपाली व्यापारीले विदेशबाट मगाएको सामान ती बन्दरगाहमा उतारेर भारत हुँदै नेपाल ल्याउन पाउनेछन् । नेपालबाट पठाएको सामान पनि त्यही बाटो समुद्रपार लैजान सकिनेछ ।

महेन्द्रनगरबाट जहाज नेपाल पस्न पाउने भए त ?

अहिले नेपालबाट विदेश जाने जहाज महेन्द्रनगर हुँदै बाहिर जान पाउँछन् । नेपालको पुरानो माग छ कि पश्चिमबाट आउने ठूला यात्रुवाहक जहाज पनि त्यही बाटो हुँदै नेपाल पस्न पाऊन् । यसको फाइदा भैरहवाको उदाहरणबाट बुझ्न सकिन्छ । पश्चिमबाट भैरहवा आउने जहाज सिमराबाट नेपाल पस्दा पहिले भैरहवाभन्दा पूर्व पुग्छ, अनि अवतरण गर्न फेरि पश्चिम फर्किनुपर्छ । महेन्द्रनगरबाटै पस्न पाए बाटो छोटिन्छ, यात्रुको समय र जहाजको इन्धन दुवै बच्न सक्छ । नेपालको कुरा यही हो ।

उता भारतको पनि आफ्नै एउटा प्रस्ताव थियो । उसले बागडोगराबाट उड्ने जहाजका लागि नेपाली आकाश हुँदै जाने बाटो मागेको थियो । उडान सुरक्षासँग जोडिएको अर्को विषय पनि थियो । बागडोगरा र भैरहवा दुवै विमानस्थल सीमाको नजिक छन् । मौसम अचानक बिग्रिँदा जहाजलाई सुरक्षित रूपमा मोड्न पर्याप्त ठाउँ चाहिन्छ । त्यसका लागि भारतले बागडोगरामा र नेपालले भैरहवामा छिमेकी देशसँग समन्वय गर्ने व्यवस्था खोजेका थिए ।

दिल्लीमा बालेनले दुई देशका सहरबीच सीधा उडान बढाउनुपर्ने बताए । तर नेपालको मुख्य चासोलालई भारतले यो भ्रमणमा सम्बोधन गरेन । नेपालको अपेक्षाअनुसार महेन्द्रनगरबाट ठूला जहाज नेपाल पस्न पाउने गरी बाटो खोल्ने घोषणा भएन ।

सीमा विवादबारे के भनियो ?

मोदीले सीमावर्ती धार्चुला र दार्चुला जोड्ने सडक पुल उद्घाटन गरेको र बनबसामा एकीकृत जाँच चौकीको शिलान्यास गरेको बताएका छन् । यी कामले सीमा वारपार गर्न र सामान ओसार्न सघाउँछन् । भूभागको विवाद भने अलग विषय हो । कालापानी, लिपुलेक, लिम्पियाधुरा वा सुस्ताबारे दुई प्रधानमन्त्रीले संयुक्त सम्बोधनमा कुनै पनि नयाँ सहमति सुनाएनन् । आपसी वार्तामा यसबारे कुरा भयो कि भएन, भयो भने के भयो भनेर पनि उनीहरूले खुलाएका छैनन् ।

खासगरी सीमा क्षेत्रका बासिन्दाले यसपल्टको भ्रमणमा प्रधानमन्त्रीले सीमाका समस्या समाधानमा ठोस कुरा गरुन् भन्ने चाहेका थिए । बालेनसँग उनीहरूले बढी अपेक्षा गर्नुका पछाडि कारण पनि थियो कि बालेनले यसअघि मेयर हुँदा ग्रेटर नेपालको नक्सा आफ्नो कार्यकक्षमा राखेर देशको सीमाप्रति आफू गम्भीर रहेको सन्देश दिएका थिए । तर यसपल्ट उनको भ्रमणमा सीमासम्बन्धी कुनै सहमति भएको कुरा आएन ।

क्रिकेटले के पायो ?

मोदीले नेपालमा खेल पूर्वाधार विकास र खेलाडीको प्रशिक्षणमा सहयोग बढाउने बताएका छन् । त्यसमा उनले क्रिकेटको नामै लिए । तर कुन मैदानमा के काम हुन्छ, कति खेलाडीले प्रशिक्षण पाउँछन् वा भारतले कति रकम दिन्छ भन्ने जानकारी उनको घोषणामा थिएन । भ्रमणको उपलब्धि कसरी नाप्ने ?

उसो भए बालेनको भारत भ्रमणलाई कसरी हेर्ने ?

दिल्ली वार्तामा दुवै देशले आउजाउ, व्यापार र पुनर्निर्माणलाई प्राथमिकता दिएका छन् । आठ समझदारीपत्रमा हस्ताक्षर भएको छ । दिल्लीमा दुई प्रधानमन्त्रीको भेटसँगै अयोध्याबाट जनकपुरका लागि रेल गुडेको छ । भारतले नेपाललाई थप दुई बन्दरगाह प्रयोग गर्न दिने र पुनर्निर्माण अनि विकासका लागि २ खर्ब ४० अर्ब रुपैयाँको सहयोग गर्ने घोषणा गरेको छ । पाइपलाइन बिछ्याउने पुरानो योजनाअन्तर्गत झापामा तेल भण्डारण केन्द्रको शिलान्यास पनि भएको छ ।

तर नेपालीका केही पुराना चासो भने कायमै छन् । महेन्द्रनगर हुँदै ठूला जहाज नेपाल पस्न पाउने सहमति हुन सकेन । सीमा विवादमा पनि दुई प्रधानमन्त्रीले कुनै नयाँ समझदारी सुनाएनन् । क्रिकेटमा चाहिँ मोदीले खेल पूर्वाधार र खेलाडीको प्रशिक्षणमा सहयोग बढाउने बताए, तर त्यसका लागि कति रकम छुट्याइन्छ र कहिलेदेखि काम थालिन्छ भन्ने खुलाएका छैनन् ।

दिल्लीमा बालेन आफैंले दुई देशका सहमतिको लाभ नागरिकले आफ्नो जीवनमा महसुस गर्न पाउनुपर्छ भनेका थिए । यो भ्रमणलाई हेर्ने आधार पनि त्यही हो । जनकपुरका यात्रुले तोकिएको दिन अयोध्या जाने रेल पाउँछन् कि पाउँदैनन्, व्यापारीले नयाँ बन्दरगाहबाट सामान ल्याउन कति सहज हुन्छ र भारतबाट घोषित सहयोगले बाढीले क्षति पुऱ्याएका ठाउँमा कहिले पुनर्निर्माण थालिन्छ भन्नेबाट नै नागरिकले यो भ्रमणको उपलब्धि आफ्नै अनुभवमा जाँच्न सक्नेछन् । अहिलेका लागि यसलाई सफल वा असफल नभनौं ।

अयोध्याबाट आउने रेलका यात्रुलाई जनकपुरधाममा .....

बढाउन पनि यस सेवाले सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

रामायण परम्परासँग गहिरो सम्बन्ध राख्ने जनकपुरधाम र अयोध्यालाई जोड्ने यो रेल सेवाले दुवै देशका यात्रुलाई प्रमुख धार्मिक तथा सांस्कृतिक केन्द्रसम्म पुग्न सहज बनाउनेछ । माता सीताको जन्मस्थलका रूपमा पूजित जनकपुरधाम र भगवान् श्रीरामको जन्मभूमिका रूपमा मानिने अयोध्याबीचको यो सम्पर्कले दुई देशको साझा सभ्यतागत विरासतलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

अवध र मिथिलाको सम्बन्धमा नयाँ अध्याय

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले सोमबार अयोध्यालाई नेपालको जनकपुरधामसँग जोड्ने प्रत्यक्ष रेल सेवा सुरु भएकोमा स्वागत गरेका छन् । उनले यसलाई दुई क्षेत्रबीचको शताब्दीयौं पुरानो सांस्कृतिक र आध्यात्मिक सम्बन्धमा नयाँ अध्यायका रूपमा व्याख्या गरेका छन् ।

सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै योगीले 'सरयू-कमला एक्सप्रेस'ले अवध र मिथिलाबीचको परम्परागत रोटी-बेटी सम्बन्धलाई थप सुदृढ बनाउने बताएका छन् ।

करिब ६०४ किलोमिटर दूरी तय गर्ने यो साप्ताहिक रेलले बिहार र उत्तर प्रदेशका विभिन्न सहर हुँदै जनकपुरधामलाई अयोध्या क्यान्टसँग जोड्नेछ । रेल हरेक शनिबार जनकपुरधामबाट र सोमबार अयोध्या क्यान्टबाट छुट्ने तालिका छ ।

नयाँ रेल सम्पर्कले तीर्थयात्री, पर्यटक र अन्य यात्रुका लागि सीमापार यात्रा सहज बनाउने अपेक्षा गरिएको छ । यसले अयोध्या र जनकपुरधामबीचको धार्मिक यात्रालाई सुगम बनाउनुका साथै रामायणसँग सम्बन्धित पर्यटन मार्ग प्रवर्द्धन गर्न सहयोग पुग्नेछ । शिक्षा, व्यापार र पारिवारिक प्रयोजनका लागि यात्रा गर्ने मानिसलाई पनि यसले सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ ।

रेलमार्गमा पर्ने क्षेत्रको पर्यटन व्यवसाय र स्थानीय आर्थिक गतिविधिमा समेत यस सेवाले टेवा पुऱ्याउने विश्वास गरिएको छ । भारत-नेपाल रेल सम्पर्कमा थपिएको यो सेवाले दुई देशको साझा सांस्कृतिक तथा धार्मिक सम्पदालाई जोड्नुका साथै परम्परागत रोटी-बेटी सम्बन्धलाई आधुनिक यातायात सम्पर्कसँग जोड्नेछ ।

दुई नदीको नाममा रेलको नामकरण

अयोध्यादेखि जनकपुरधामसम्म सञ्चालन हुने रेलको नाम दुई नदीको नामबाट राखिएको छ । अयोध्या सरयू नदीको किनारमा अवस्थित छ भने कमला नदी मिथिला क्षेत्रको धार्मिक, सांस्कृतिक र आर्थिक जीवनसँग जोडिएको छ ।

हिन्दू धर्ममा सरयू नदीको विशेष धार्मिक महत्त्व छ । अयोध्या पुग्ने धेरै तीर्थयात्री सरयूमा स्नान गरेर त्यहाँका मठमन्दिरमा दर्शन गर्ने गर्छन् । सरयूमा स्नान नगरी अयोध्या भ्रमण पूरा नहुने धार्मिक विश्वाससमेत छ । भगवान् रामको जन्मभूमि अयोध्या यही नदीको किनारमा अवस्थित छ ।

वाल्मीकि रामायणलगायत वैदिक ग्रन्थमा सरयू नदीको महिमा वर्णन गरिएको छ । पौराणिक मान्यताअनुसार भगवान् रामले आफ्नो लौकिक लीला समाप्त गरेपछि यही नदीमा जलसमाधि लिएका थिए । रामनवमी, कार्तिक पूर्णिमा र मकर संक्रान्तिजस्ता पर्वमा सरयूमा स्नान गर्दा पाप नष्ट भई मोक्ष प्राप्त हुने जनविश्वास छ ।

भौगोलिक रूपमा नेपालका प्रमुख नदी कर्णाली र महाकाली भारत प्रवेश गरेपछि आपसमा मिसिएर बग्ने जलप्रवाहलाई अयोध्या क्षेत्रमा सरयू नदीका रूपमा चिनिन्छ । भारतमा कर्णालीलाई घाघरा र महाकालीलाई शारदा पनि भनिन्छ ।

त्यसैगरी कमला नदीको मिथिला क्षेत्रमा धार्मिक तथा सांस्कृतिक महत्त्व छ । सिन्धुलीको चुरे क्षेत्रबाट उत्पत्ति भई नेपालको तराई हुँदै भारतको बिहारसम्म बग्ने कमला नदीलाई मिथिलावासीले पवित्र नदीका रूपमा मान्छन् । जनकपुरधाम नजिकै भारतीय सीमावर्ती क्षेत्रबाट बग्ने यस नदीमा कार्तिक पूर्णिमाका दिन ठूलो मेला लाग्छ, जसलाई कमला देवताको मेलासमेत भनिन्छ ।

कमला नदीलाई मिथिला सभ्यता, कृषि र मधेशको आर्थिक जीवनको प्रमुख आधार मानिन्छ । मिथिला क्षेत्रमा यस नदीलाई लोकदेवी कमलामाईका रूपमा पूजा गर्ने परम्परा छ । हरेक वर्ष कार्तिक पूर्णिमामा नेपाल र भारतका लाखौं श्रद्धालुले कमला नदीमा स्नान गरी भूत मेला तथा विभिन्न धार्मिक अनुष्ठान गर्ने गर्छन् ।

नेपालमा भारतको जस्तो रेल सेवा नभएकाले अयोध्या-जनकपुरधाम यात्राका लागि प्रयोग हुने दुवै रेल भारतकै हुनेछन् ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४

धनुषा प्रहरीको आलोचना भएपछि किसानसँग ठगी गर्ने राइस मिल सञ्चालक साह फेरि पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०७ गते



सिरहाको मुसहरनियाँस्थित कौशल एग्रो राइस मिलका सञ्चालक कुशेश्वर साह फेरि पक्राउ परेका छन् । धनुषा प्रहरीले सीमावर्ती क्षेत्र जटहीबाट ५४ वर्षीय साहलाई सोमबार बिहान पक्राउ गरेको हो ।

साहलाई पक्राउ गरेर भखरै जिल्ला प्रहरी कार्यालय, धनुषा ल्याइएको र आवश्यक प्रक्रिया पूरा गरी जिल्ला प्रहरी कार्यालय, सिरहा पठाउने तयारी भइरहेको धनुषाका प्रहरी प्रवक्ता डीएसपी ओमप्रकाश खनालले बताए ।

उनीविरुद्ध गत साउनमा सिरहाको लहानस्थित इलाका प्रहरी कार्यालयमा मुद्दा दर्ता भएर पक्राउ पुर्जी जारी भएको थियो । त्यस मिलमा धान दिने किसानहरूले उनीमाथि ठगी तथा आपराधिक विश्वासघात मुद्दा दर्ता गराएका हुन् ।

२०८१ सालमा त्यस मिलमा सिरहा कल्याणपुरका रामनाथ साहले २१ लाखको, कल्याणपुरकै प्रवेश साहले ४ लाखको, बरियारपट्टीका दिनेश साहले १० लाखको र त्यहींका अशोक महतोले १० लाखको धान उधारोमा बेचेका थिए । तर, पटकपटक ताकेता गर्दा पनि पैसा पाएनन् ।

पक्राउ पुर्जी जारी भएपछि सिरहा प्रहरीले जनकपुर बस्दै आएका उनलाई पक्राउ गर्न पटकपटक प्रयास गरेको थियो । तर, धनुषा प्रहरीको असहयोगका कारण उम्किँदै आएका साहलाई गत शुक्रबार लहानका सादा पोसाकका प्रहरी टोलीले नियन्त्रणमा लियो ।

लहान प्रहरीले जनकपुरको वंशीचोकस्थित घरअगाडि हत्कडी लगाइसकेको अवस्थामा करिब पौने घण्टापछि आएको मुजेलिया प्रहरीले साहलाई गाडीमा लिएर गएको थियो । तर, उनलाई जिल्ला प्रहरी कार्यालय, धनुषामा नपुऱ्याउँदै शंकास्पद ढंगले बीच बाटोबाटै छाडिदिएको खुलेको थियो ।

धनुषा प्रहरीको बदमासीका कारण प्रतिवादी फरार भएको विषयमा समाचार पछि प्रहरीको आलोचना भएको थियो । त्यसपछि उनको खोजीमा जुटेको प्रहरीले सोमबार फेरि उनलाई पक्राउ गरेको हो ।

तराई-मधेशमा मौलिक पर्व सामा चकेवाको रौनक

अपन दैनिक संवाददाता
बारा, मंसिर ०७ गते



दाजुबहिनीको प्रेमको प्रतीकको रुपमा रहेको तराई-मधेशको मौलिक पर्व सामा चकेवाको रौनक अहिले तराई मधेशमा छाएको छ ।

अहिले गाउँगाउँमा किशोरी समूहरसमूह बनाएर सामा चकेवा खेल्ने गरेको पाइन्छ । गोवर्द्धन पूजाको रातिदेखि उनीहरु सामा चकेवा खेल्न थालेका हुन् । कार्तिक पूर्णिमासम्म खेलिने यस मौलिक पर्वले अहिले गाउँमा बेग्लै रौनक बढाएको छ । यो पर्व विशेष गरी तराई-मधेशका रौतहट, बारा, पर्सा, रौतहट, सर्लाही, सिरहा, सप्तरी, धनुषा, महोतरी, नवलपरासीलगायत क्षेत्रमा बसोबास गर्ने मधेशी तथा थारु समुदायमा मनाउने परम्परा छ ।

स्थानीय पुरोहित धीरेन्द्र मिश्रका अनुसार द्वापरयुगमा भगवान् श्रीकृष्णले आफ्नो बाल्यकाल गोकुलमा बिताइ मथुरामा आएपछि राधिका र भगवान् कृष्णका १६ हजार गोपिनीले भगवान् कृष्णको सम्झनामा मनाउने सामा चकेवा कालान्तरमा दाजुबहिनीको प्रेम र सद्भावको मौलिक पर्वमा रुपान्तरित भएको छ ।

"यो पर्वमा पहिला दाजुलाई गीतिशैलीमा बहिनीले मार्ने र फेरि गीतिशैलीको माध्यमले नै जीवित बनाउने गर्छन्", उनले भने, "यस दृश्यलाई सर्वसाधारणले अभिरुचीपूर्वक अवलोकन गर्ने र गीत सुन्ने गर्छन् ।"

दुई सातासम्म मनाइने यस सांस्कृतिक पर्वमा रातको समयमा गाउँघरका खासगरी कुमारी कन्या एकत्रित भई माटोले बनाइएको मूर्तिहरुको लोक गीत गाएर पूजाआजा गरिन्छ । पर्वको अन्तिम दिन पूर्णिमाको रातमा उक्त मूर्तिलाई परम्परागत गीत गाउँदै भत्काएर नजिकको नदी, जलाशय, पोखरी वा सरोवरमा लागेर सेलाएर दाजुभाईलाई मिठाइ खुवाएपछि पर्व विधिवत रुपमा सम्पन्न हुन्छ ।

"मूर्ति सेलाउने दिन किशोरीहरुले आ-आफ्नो अभिभावकबाट सङ्कलन गरेको भेटीलाई एकत्रित गरी त्यसबाट दूध, चिनी, तरकारीको परिकार खरिद गर्छौं", कलैया उपमहानगरपालिका-२ औधापुरकी किशोरी सोनीकुमारी ठाकुरले भनिन्, "घरमा उपलब्ध भएको चामल सङ्कलन गरी पकाउछौं ।"

त्यसरी पकाएको परिकार आफूसँगै गाउँका दाजुभाईलाई बोलाएर श्रद्धापूर्वक खुवाइने उहाँले जानकारी दिनुभयो । सामा चकेवामा चकेवा (दाजु), सामा (भाउजु), खिडलिच (बहिनी), बृन्दावन र चुङ्गला (भाई) समेत गरी पाँच जनाको रङ्गीन मूर्ति कुशले बनाइएको रङ्गीन भाडोमा राखी गाउँ घुमेर अन्न र उपहार स्वरुप सङ्कलन गरिने प्रचलन छ ।

पर्वको अन्तिम दिन भेटी स्वरुप उठेको अन्नपात र नगदबाट भोज आयोजना गरी मान्यजन र इष्टमित्रलाई खुवाने चलन रहेको स्थानीय किशोरी खुश्बु कुमारीले बताए । सो अवसरमा नाच-गान गरी मनोरञ्जन गर्ने चलनसमेत रहेको छ । उक्त पर्वको अवसरमा तराइका अधिकांश गाउँमा मौलिक परम्परा झल्कने विभिन्न खाले नृत्य प्रस्तुत हुने स्थानीय किशोरी सरस्वती चौधरीले बताए ।

"हामीले नाचको व्यवस्था मिलाएका छौं", उनले भने, "त्यसको लागि गाउँबाट चन्दा सङ्कलन गरेका छौं ।" त्यस पर्वको सन्दर्भमा दाजु बहिनीको रक्त सम्बन्धलाई प्रगाढ तुल्याउन एउटा खराब पात्रको कल्पना गरी त्यसलाई दण्डित गर्दै चकेवा खेल्ने गरिएको पाइन्छ ।

नागरिक समाज बाराका अध्यक्ष उमेशलाल दास तराई मधेशमै लोपन्मुख हुँदै गएको उक्त पर्वलाई जीवन्त राख्न यहाँका समुदाय सचेत र गम्भीर हुनुपर्ने बताउछन् । उनका अनुसार दाजुभाइ र दिदीबहिनीबीचको प्रेम सम्बन्ध झल्काउने पर्वका रुपमा समा चकेवा रहेकाले यस पर्व मनाउँदा घर परिवारमा मात्र नभई समुदायमा माया स्नेह बढाउँछ ।"



कमला नदीमा अनौठो मेला-कोही दैवी शक्ति त कोही भूतप्रेत .....

गराएर शपथ गराउने परम्परा छ ।

'नयाँ बन्ने धामीहरूलाई कमला नदीमा प्रातःकालमा डुबुल्की मार्न लगाई पवित्र बनाएर शपथ ग्रहण गराउँछौं,' धामी कानुले भने, 'भगतालाई मन्त्र सिकाउँछौं र शपथ गराउँछौं । सिकेको मन्त्र तथा प्राप्त गरेको दैवी शक्तिलाई मानव, अन्य प्राणी र समाजको हितमा मात्र प्रयोग गर्न वचनबद्ध गराउँछौं । यसलाई स्थानीय भाषामा सतवैद्य भनिन्छ ।'

धामीझाँक्रीहरूका अनुसार गाउँबस्तीमा मानिसलाई दुःख दिने विश्वास गरिएका प्रेत शक्तिहरूलाई मन्त्रद्वारा नियन्त्रण गरी कमला नदीमा विसर्जन गर्ने परम्परा पनि मेलासँग जोडिएको छ । यसो गर्दा मानिस तथा पशुधनलाई रोगव्याधिबाट जोगाउन सकिने धार्मिक विश्वास रहँदै आएको छ ।

नयाँ धामी बन्ने लक्षण नवरात्रका बेला देखिने धामीझाँक्रीहरू बताउँछन् । घटस्थापनादेखि नवदुर्गाको पूजा अवधिमा महिला वा पुरुषमा काम्ने लक्षण देखिएपछि दैवी शक्ति प्रवेश गरेको विश्वास गरिन्छ । त्यसपछि उनीहरूलाई भक्ता बनाउने परम्परा छ । कार्तिक चतुर्थीका दिन पहेँलो रङको धोती लगाइदिने तथा फूलमाला पहिराएर पवित्र बनाउने चलन रहेको धामीझाँक्रीहरू बताउँछन् ।

भक्ताको हातमा बेतको लाठी दिइन्छ भने उनलाई सम्हाल्न एक वा दुई जना अगुवा-पछुवा राख्ने गरिन्छ । पाँचदेखि १० जनासम्मको भगतिया समूहमा सहभागी हुने उनीहरूलाई गवैया पनि भनिन्छ । भगतियाहरूको मुख्य काम दैवी शक्तिको स्तुति गाउने भगैत गीत प्रस्तुत गर्नु हो । गीत र वाद्यवादनसँगै देवता शरीरमा प्रवेश गर्ने धार्मिक विश्वास छ ।

मृदङ्ग र झ्यालीको तालमा भगैत गीत गाइरहँदा भक्ताको हातमा आगो भरिएको माटोको ढकना हुन्छ । त्यसमा सालधूप हालेर आगोको लप्कासहित ढकना नचाउँदै उनीहरू ताण्डव शैलीमा नाच्ने र सिंहनाद गर्ने गर्छन् । कतिपय धामीहरूले तातो खीर हातले चलाउने, अगेनाको भुङ्गोमा हात हाल्ने तथा आगोमाथि हिँड्ने जस्ता गतिविधि प्रदर्शन गर्ने गरेको देखिन्छ । यस्ता दृश्यले मेलामा उपस्थित दर्शकलाई रोमाञ्चित बनाउने गर्छ ।

कार्तिक महिनालाई नदी स्नानको विशेष महिना मान्ने धार्मिक परम्परा छ । गंगा नदीसम्म पुग्न नसक्ने श्रद्धालुले कमला, केशी वा नजिकका अन्य नदीमा स्नान गर्दा पनि पुण्य प्राप्त हुने विश्वास गर्छन् । कार्तिक पूर्णिमाका दिन जुनसुकै नदीलाई गंगाको स्वरूप मानेर स्नान गर्दा पुण्य प्राप्त हुने जनविश्वासका कारण कमला नदीका सिरहा र धनुषातर्फका विभिन्न घाटमा श्रद्धालुको ठूलो भीड लागेको छ ।

एक धामीका अनुसार प्रत्येक वर्ष कमला नदीमा स्नान गरेपछि नयाँ शक्ति प्राप्त हुने र मन्त्र प्रभावकारी हुने धार्मिक विश्वास छ । 'आजको दिन स्नान गर्दा पापबाट मुक्ति पाइन्छ भन्ने विश्वास छ । रोगव्याधि तथा भूतप्रेतबाट समस्या भोग्नेहरूलाई पनि हामी मन्त्रद्वारा निको पार्ने प्रयास गर्छौं,' उनले भने ।

धार्मिक आस्था, परम्परा, भगैत गीत र धामीझाँक्रीको अनौठो गतिविधिका कारण कमला नदीको भूतमेला हरेक वर्ष श्रद्धालु तथा दर्शकका लागि आकर्षणको केन्द्र बन्ने गरेको छ ।



सिरहा नगरपालिकाद्वारा छात्रवृत्तिका लागि आवेदन .....

विद्यार्थीले आवश्यक कागजातसहित मंसिर २२ गतेभित्र आवेदन पेस गर्नुपर्नेछ ।

आवेदनसँगै अनुसूची-१ बमोजिमको फाराम, नागरिकता वा जन्मदर्ताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको सिफारिस, अध्ययनरत शैक्षिक संस्थाको सिफारिस तथा विद्यार्थी परिचयपत्र, पछिल्लो परीक्षाको लब्धाङ्कपत्र वा ग्रेडसिट र लक्षित वर्ग तथा आर्थिक अवस्था पुष्टि हुने प्रमाणपत्र पेस गर्नुपर्नेछ ।

त्यस्तै, अपाङ्गता भएका विद्यार्थीले अपाङ्गता परिचयपत्रसमेत अनिवार्य रूपमा पेस गर्नुपर्ने सूचनामा उल्लेख छ ।

नगरपालिकाले आवेदनको अन्तिम मिति २०८३ मंसिर २२ गते कार्यालय समयसम्म तोकेको छ । इच्छुक विद्यार्थीले आवश्यक कागजातसहित नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन बुझाउन सक्नेछन् ।

नगर प्रमुख डा. नवीनकुमार यादवले आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित हुन सक्ने लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्तिले सहयोग पुग्ने अपेक्षा व्यक्त गर्दै योग्य विद्यार्थीलाई समयमै आवेदन दिन आग्रह गरेका छन् ।

आवेदनको मूल्याङ्कन तथा विद्यार्थी छनोट छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधिमा व्यवस्था भएबमोजिम गरिने नगरपालिकाले जनाएको छ ।

हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
1.	PLI१३३००१२८६१	संजय चौधरी	सुरुङ्गा ०४,सप्तरी
2.	PLI१३३०००७७३३	संजय चौधरी	सुरुङ्गा ०४,सप्तरी

HIMALAYANLIFE
सुरक्षा अटल, भविष्य सबल

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

